प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्ग

# प्रस्ताव आव्हानको सूचना

**सूचना नं. ०७९/८०-१**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०१**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्गको चालू आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम संचालन गर्न इच्छुक कृषक/फर्म/कृषक समूह/सहकारी/समिति/उद्यमी/कम्पनीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७९/०६/३० गते) भित्र तोकिएको ढाँचामा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रमहरुको नाम</th><th>न्यूनतम मापडण्ड</th><th>संचालन गर्ने कृयाकलाप</th><th>कार्यक्रम संचालन हुने स्थान</th><th>आवेदकको किसिम</th><th>अनुदानको सिमा</th><th>स्वीकृत वजेट रु.</th></tr>
<tr><td>१</td><td>मागमा आधारित व्यवसायिक कृषि/ पशुपन्छी विकास कार्यक्रम</td><td>
<ul>
<li>विगत ३ वर्ष भित्र १ लाख भन्दा वढी अनुदान प्राप्त गरेको अनुदानग्राही हरु यस कार्यक्रममा समावेश गरिने छैन ।</li>
<li>देहायका पशु/वस्तुमा तपसिल अनुसारको न्यूनतम मापडण्ड पुरा गर्ने गरी माग गर्नुपर्ने वा दिएको मापडण्ड पुरा भएमा कार्यक्रम संचालन पश्च्यात १० प्रतिशत संख्या वृद्धि हुनुपर्ने ।</li>
<li>प्रमाणित विपद् प्रभावित कृषकहरुलाई प्राथमिकता दिइने छ।</li>
</ul>
<table>
<tr><th>पशु वस्तु</th><th>संख्या</th></tr>
<tr><td>भेडा माँउ</td><td>१५</td></tr>
<tr><td>बाखा माँउ</td><td>१५</td></tr>
<tr><td>गाई माँउ</td><td>५</td></tr>
<tr><td>भैसी माँउ</td><td>५</td></tr>
<tr><td>बंगुर माँउ</td><td>१५</td></tr>
<tr><td>कालिज माँउ/ लोकल कुखुरा माँउ</td><td>५००</td></tr>
<tr><td>दुध विविधिकरण ली.</td><td>३००</td></tr>
<tr><td>मासु प्रशोधन प्रति दिन के.जी.</td><td>१००</td></tr>
</table>
</td><td>पशुपन्छी जन्य पदार्थको उत्पादन, उत्पादकत्व वृद्धि,बजारीकरण,प्रशोधन तथा विविधिकरणमा टेवा पुग्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने ।</td><td>जिल्ला भरी</td><td>निजी फर्म/समूह /सहकारी / समिति/ उद्यमी/ कम्पनी</td><td>
<ul>
<li>समुह,सहकारी ,सामुदायिक पूर्वाधार निर्माण,नश्लको हकमा ७५ प्रतिशत अनुदान ।</li>
<li>निजि पूर्वाधार,यन्त्र उपकरणको हकमा ५० प्रतिशत</li>
<li>प्रति आयोजना वढिमा रु. २ लाख</li>
</ul>
</td><td>४५ लाख</td></tr>
<tr><td>२</td><td>नयाँ पोखरी निर्माण कार्यक्रम</td><td>
<ul>
<li>पानीको स्थायी स्रोत तथा पोखरी निर्माणको लागी उपयूक्त माटो भएको हुनुपर्ने छ ।</li>
<li>कम्तीमा ३ कठ्ठा जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण हुनुपर्ने ।</li>
<li>जग्गाको स्वामित्व आफ्नै वा १० वर्षको ठेक्का वा लिजमा लिएको सम्झौता भएको हुनुपर्ने ।सार्वजनिक जग्गाको हकमा ५ वर्षको ।<br>पोखरीको गहिराई कम्तीमा १.२ मिटर हुनुपर्ने छ ।</li>
</ul>
</td><td>कार्यालयले उपलव्ध गराएको ले-आउट तथा डिजाइन अनुसार आवेदकले नयाँ पोखरी निर्मण गर्नुपर्नेछ ।</td><td>जिल्ला भरी</td><td>निजी फर्म/समूह /सहकारी / समिति/ उद्यमी/ कम्पनी</td><td>स्वीकृत वजेटको परिधि भित्र कार्ययोजना तयार पारी जलाशय क्षेत्रको कुल लागत खर्चको अधिकत ५० प्रतिशत अनुदान रकम वा प्रति हेक्टर रु अधिकतम पाँच लाख दिन सकिने।</td><td>२५ लाख</td></tr>
<tr><td>३</td><td>जिउदो माछा विक्रि वितरण स्टल निर्माण/</td><td>
<ul>
<li>शहरी क्षेत्रको प्रमुख बजार केन्द्रित भई जिउँदो माछा विक्री वितरण गर्ने निजी व्यवसायी/समूह/समिति/ सहकारीहरुलाई प्राथमिकतामा दिईने।</li>
<li>यस कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक</li>
</ul>
</td><td>जिउँदो माछा विक्री वितरणकोलागि सिमेन्टेड टयाकं निर्माणगर्ने र उक्त टयाकंको भुईमा टायल वा मार्वल</td><td>जिल्ला भरी</td><td>निजी फर्म/समूह /सहकारी / समिति/ उद्यमी/ कम्पनी</td><td>५० प्रतिशत अनुदान वा अधिकतम रु. चार लाख</td><td>८ लाख</td></tr>
</table>



नि.कार्यालय प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सुधार | कम्तिमा ५० किलो माछा विक्री वितरण गरीरहेको वा गर्नु पर्ने।<br>• कार्यालयले दिएको मापदण्ड पूरा गर्नुपर्ने। | बिछाउने र भित्तामा टायल लगाउने। उपकरण खरिद जस्तैः चक्कु, हसिया,तराजु,डजिटल वाइलेन्स आदी खरिद गर्न सकिने। माछा काट्ने भुत्लाउने स्थानमा स्लाव राख्नु पर्ने | | | | |
| ४ | मत्स्य व्यवसाय का लागी यान्त्रीकरण मा सहयोग | • मत्स्य व्यवसाय गरेका कृषकहरू।<br>• कम्तिमा ०.१ हे.जलाशय भएको।<br>• कार्यालयले दिएको मापदंड पूरा गर्नुपर्ने। | एरिएटर, दाना बनाउने मेशिनहरु, पानी जाच्ने मेशिन तथा मत्स्यमा प्रयोग हुने अन्य मेशिनरी सामाग्रीहरु। | जिल्ला भरी | निजी फर्म/समूह /सहकारी / समिति/ उद्यमी/ कम्पनी | ५० प्रतिशत वा बढिमा १ लाख अनुदान प्रति कृषक। | ५ लाख |
| ५ | पोषण सुरक्षाका लागी ग्रामिण कुखुरा पालन कार्यक्रम | • स्थानीय तहको समन्वयमा विपन्न समुदाय (दलित, महिला, मुक्त कमैया, पिछडा बर्ग,जनजातीर अन्य) मा प्राथमिकता दिई क्षेत्र छनौट गरिने।<br>• कुखुरापालनको हकमा कम्तीमा २५ जना कृषकहरुको समूह भएको हुनु पर्ने ।<br>• कुखुराको हकमा प्रति कृषक ५० वटा ६ हप्ता हुर्काईएको ग्रामीण कुखुराको चल्ला वितरण गरिने छ। | निम्नानुसारका कार्य गर्नेः<br>(१) खोर सुधार वा निर्माण।<br>(२) पोषण आहारा व्यवस्थापन।<br>(३) खोप र उपचार<br>(४) उच्च नश्लका चल्ला वितरण।<br>(५) तालिम।<br>(६) दाना पानीका भाँडा।<br>(७) परजीवि नियन्त्रण। | जिल्ला भरी | समूह/समिति/सहकारी | वार्षिक स्वीकृत बजेटको परिधि भित्र रही कार्य योजना स्वीकृत गरी कार्यक्रममा आबद्ध समूहले कम्तिमा २५ प्रतिशत लागत साझेदारी गर्नुपर्ने। खर्चको विवरण अनुसुचि अनुसार हुने।<br>प्रति समुह ५ लाख | १० लाख |
| ६ | कालिज फर्म सुदृढिकरण कार्यक्रम | • कम्तीमा २०० गोटा कालिज पालन गरेको हुनुपर्नेछ।<br>• कार्यालयले प्राविधिक अध्ययन पश्च्यात उपयूक्त स्थानमा कार्यक्रम संचालनका लागी तोकिएको स्थानिय तह / जिल्लामा कार्यक्रम संचालन गर्नुपर्नेछ ।<br>• जग्गाको स्वामित्व आफ्नै वा भाडामा कम्तीमा ५ वर्षको करारनामा भएको हुनुपर्नेछ।<br>• प्रस्तावकले प्रस्ताव पेश गर्दा कम्तीमा ३ वर्षसम्म निरन्तर पालन गर्ने प्रतिवद्धता पेश गर्नुपर्ने छ । | खोर व्यवस्थापन, आहारा व्यवस्थापन, स्वास्थ्य उपचार, तथा खोप सेवा, ह्याचरी व्यवस्थापन, अभिलेखीकरण,अध्ययन,अनुसन्धान, जैविक सुरक्षा लगाएतका कार्यक्रममा संचालन गर्न सकिनेछ । | घोराही उ.म.न.पा. भित्र | फर्म/उद्यमी/कम्पनी / | ७५ प्रतिशत अनुदान वा वढीमा रु.१० लाख अनुदान । | १५ लाख |

प्रदेश सरकार लुम्बिनी प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ

<u>आवेदनकालागी आवश्यक कागजातहरु</u>

१. मागमा आधारित कार्यक्रमकोलागी अनुसूची -३८ बमोजिम निवेदन र अन्य कार्यक्रमको लागी अनुसूची -३४ बमोजिमको निवेदन ।
२. अनुसूची -३७ बमोजिमको व्यवसायिक कार्ययोजना ।
३. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।
४. सम्वन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपी ।
५. स्थायी लेखा नं. प्रमाण पत्र तथा गत आ.व.को कर चुक्ता ।
६. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।
७. समूह/समिति/सहकारीको हकमा निर्णयको प्रतिलिपी ।
८. जग्गाको लालपूर्जाको प्रतिलिपी तथा लिजको जग्गाको हकमा वडा कार्यालयबाट प्रमाणित कम्तिमा १० वर्षको करारनामा ।
९. रु. १० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नुपर्ने ।

नि.कार्यालय प्रमुख

यस सूचनामा आवश्यक वुदाहरु छुट हुन गएमा **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०७९"** वमोजिम गरिने व्यहोरा अनुरोध छ ।उक्त कार्यविधि यसै कार्यालयको वेवसाइड dang.vethos.gov.np बाट डाउनलोड गर्न सकिनेछ । थप जानकारीकोलागी कार्यालयको फोन नं. ०८२-५६०००२१ वा सूचना अधिकारी कृष्ण न्यौपाने (९८५७८२६६८५)लाई सम्पर्क गर्नहुन अनुरोध छ ।

नि.कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
दाङ

नि.कार्यालय प्रमुख
सुदाम भट्ट
नि. कार्यालय प्रमुख